# ४ येशूको अनुशासित भक्त हुन आह्वान

***यस अध्यायका मूल पदहरू:*** लूका ५:१-११, लूका ६:१२-१६, लूका ९:१-६, मत्ती १०:५-१५, लूका १०:१-२४, लूका ९:२३-२५, मत्ती १६:२४-२८।

***स्मरण गर्नुपर्ने मूल पद:*** "तब सबै जनसमूहतिर सम्बोधन गर्दै येशूले भन्नुभयो "यदि तिमीहरूमध्ये कोही मेरो पिछा गर्न चाहन्छौ भने तिमीहरूले आफूलाई बिर्सनै पर्छ। प्रत्येक दिन तिमीहरूले तिमीहरूको आफ्नो क्रुस बोक्नुपर्छ र मलाई पिछा गर्नुपर्छ।"" (लूका ९:२३ रूपान्तरित)।

"चेला वा शिष्य" भन्नुको अर्थ कसैको पछि लागेर उसको शिक्षादीक्षा ग्रहण गर्ने शिक्षार्थी हो। चेला भन्ने शब्द बाइबलमा दुईसय पचास पल्ट भन्दा बढि देखा पर्दछ। त्यो शब्द प्रायजसो सुसमाचारको पुस्तकहरूमा र प्रेरितको पुस्तकमा पाइन्छ।

**येशूको अनुशासित चेला वा भक्त हुनु भनेको येशूको जोश तथा जाँगरमा चल्नु हो, बौद्धिक क्षमतालाई हाँक दिनु हो र परमेश्वर र हामीहरूका इष्टमित्रहरूसँग गहिरो सम्बन्ध राख्न भरमग्दुर प्रयास गर्नु हो। पूर्ण रूपमा ख्रीष्टप्रति बफादारी नभइकन र उहाँको जीवन र सन्देशले माग गरेको अनुसार नचलिकन कोही पनि असली चेला वा येशूभक्त हुन सक्दैन। येशूको विश्वासी हुँ भनेर दावी गर्ने प्रत्येक मानिसको निम्ति त्यो भन्दा अरू महत्त्वपूर्ण चुनौती अरू के होला र?**

**"परमेश्वरले मानिसहरू जस्तो छ त्यस्तै लिनुहुन्छ र उहाँको सेवाको निम्ति शिक्षित बनाउनुहुन्छ। तर उहाँलाई आफ्नो जीवन समर्पण गर्ने शर्तमा मात्र उहाँले ती मानिसहरूलाई सिकाउनुहुन्छ। यदि परमेश्वरको आत्मालाई हृदयमा ग्रहण गरियो भने उसमा भएको सबै क्षमताहरूलाई परमेश्वरले जीवित पार्नुहुन्छ। पवित्र आत्माको अगुवाईमा उसको दिमागलाई परमेश्वरमा समर्पित पारिनेछ र परमेश्वरको इच्छामा**

चल्नेछ र बढ्नेछ। परमेश्वरले निर्देशित गर्नुभएको आवश्यकतालाई पूरा गर्न र बुझ्न उसको दिमागलाई पनि बलियो बनाउनेछ। कमजोर चरित्र तथा स्वभावहरू परिवर्तन भएर बलियो हुनेछ। येशूप्रति निरन्तररूपमा बफादार भएर चलेमा त्यो मानिस उहाँसँग एकदम नजिक यस्तरी हुनेछ कि दिमाग र चरित्रमा इसाई येशू जस्तै हुनेछ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. २५१बाट रूपान्तरित।

येशूको पछि लाग्न चाहनेलाई उहाँले कसरी बोलाउनुभयो र यस संसारमा उहाँले सुरू गर्नुभएको कामलाई निरन्तरता दिन हामीले के सिक्नुपर्छ सो कुरा यस अध्यायमा हेर्नेछौं।

## १. मानिसहरूको माझी (लूका ५:१-११)

सिमोन र आन्द्रु रातभरी एकदम परिश्रम गरेका थिए। तिनीहरू अनुभवी अर्थात् पेशेवार माझी थिए। माछा कसरी पक्रिने भन्ने कलामा तिनीहरू निपुण थिए। कुनबेला माछा हुँदैन र त्यसबेला माछा पक्रिने वा नपक्रिने ज्ञान पनि तिनीहरूलाई राम्रोसंग थाहा थियो। त्यस रातमा माछा पक्रिने प्रयासमा एउटा माछा पनि परेको थिएन। तिनीहरू अत्यन्त निराशमा परेको बेलामा तिनीहरूले नमागेको सुझाव सुनेः "अलि पर गहिरोमा जाऊ र त्यहाँ जाल फ्याँक अनि तिमीहरूले माछा पक्रिने छौ।" (लूका ५:४ रूपान्तरित)। पत्रुसको जवाफमा नैराश्यता र उदासिनता थियोः "हामीले रातभरी माछा पक्रिन खोज्यौं, हामीहरूको जालमा एउटा माछा पनि परेन। तैपनि तपाईंको वचन अनुसार हामी पक्रिने कोशिश गर्ने छौं।" (लूका ५:५ रूपान्तरित)।

त्यो सिकर्मी को हो जसले अनुभवी तथा कुशल माझीहरूलाई माछा पक्रिन के गर्नुपर्छ भनेर सुझाव दिँदै थिए? साइमनले उहाँको कुरालाई वास्ता नगरी आफ्नै धुनमा लाग्न सक्दथे। के उनले येशूको मनलाई हलुको पार्ने र सत्य प्रवचनलाई केही समय अघि सुनेकोले उहाँले अऱ्हाउनुभएको कुरा सुन्न उनी तयार भएका थिए त?

त्यसकारण येशूको अनुशासीत भक्त वा चेला हुने पहिलो कदमः येशूको वचनलाई अक्षरस पालन गर्न राजी हुनु। आन्द्रु, याकूब र यूहन्नालाई पनि यो थाहा भयो कि रातभरी माछा पक्रिन असफल

भएतापनि येशूको वचनलाई पालन गर्दा तिनीहरूको जालमा जालले धान्न नसकिने गरि माछा पर्दा तिनीहरू चकित भएका थिए। स्तव्ध भएर रूँदै पत्रुसले येशूको सामु घोप्टो पर्दै भनेः "मलाई छोडेर जानुहोस् किनभने म पापी मानिस हुँ।" (लूका ८:८ रूपान्तरित)। असली येशूभक्त वा चेला हुने अर्को महत्त्वपूर्ण कदमः परमेश्वरको पवित्रतालाई महसुस गर्नु र आफ्नो पापी स्वभावलाई हृदयदेखि स्वीकार गर्नु। त्यो कदम अगमवक्ता यशैयाले अपनाएका थिए (यशैया ६:५)। अब त्यो कदम अपनाउने काम पत्रुसको थियो।

देहायका पदहरूमा येशूका अलौकिक कामहरू प्रस्तुत गरेका छन् जसमा निपुण माझीहरूलाई पारेको अचम्म, पत्रुसको स्वीकारोक्ति र येशूको अधिकार समावेश भएका छन्। ती प्रत्येक घट्नाहरूमा येशूभक्त हुने मार्गहरू कसरी कोरेका छन् हेर्नुहोस्ः लूका ५:१-११ "मानिसहरू परमेश्वरको वचन सुन्न उहाँका चारैपट्टि ठेलमठेला गरिरहेका थिए, अनि उहाँ गनेसरेत झीलको किनारमा उभिरहनुभएको थियो। २ उहाँले झीलको किनारमा दुई वटा डुङ्गा देख्नुभयो, तर जालहारीहरूचाहिँ डुङ्गा बाहिर बसी आफ्ना जालहरू धोइरहेका थिए। ३ ती दुईमध्ये एउटा डुङ्गाचाहिँ सिमोनको थियो। त्यसमा चढ़ेर उहाँले डुङ्गालाई किनारबाट अलि पर लैजान लाउनुभयो। उहाँले डुङ्गामा बसेर भीड़लाई शिक्षा दिन लाग्नुभयो। ४ बोलिसक्नुभएपछि, उहाँले सिमोनलाई भन्नुभयो, "गहिरोतिर लगेर माछा पक्रनलाई आफ्ना जाल हान।" ५ तर सिमोनले भने, 'गुरुज्यू, हामीले रातभरि मेहनत गरेर पनि केही फेला पारेनौं, तापनि तपाईंको वचनअनुसार म जाल हान्नेछु।" ६ अनि जब त्यसो गरे, तब तिनीहरूले एक थुप्रो माछा पक्रे, र तिनीहरूका जाल फाट्न लागे। ७ तिनीहरूले अर्को डुङ्गा साझेदारहरूलाई आएर सहायता गर्ने इशारा गरे, र आएर तिनीहरूले दुवै डुङ्गा माछाले भरे, यहाँसम्म कि डुङ्गाहरू डुब्न लागे। ८ तब यो देखेर येशूको पाउमा घोप्टो परी सिमोन पत्रुसले भने, "हे प्रभु, मबाट जाइजानुहोस्, किनभने म पापी मानिस हुँ।" ९ यतिका माछा पक्रेको देखेर तिनी र तिनको साथमा हुनेहरू सबैले साह्रै अचम्म माने। १० त्यसै गरी जब्दियाका छोराहरू याकूब र यूहन्ना पनि छक्क

परे। तिनीहरू सिमोनसँग साझेदार थिए। येशूले सिमोनलाई भन्नुभयो, “नडराऊ, अब उप्रान्त तिमीले मानिसहरूलाई पक्रनेछौ।” ११ अनि जब तिनीहरूले आफ्ना डुङ्गाहरू पाखामा ल्याए, तिनीहरूले सबै थोक त्यागे, र उहाँको पछि लागे।", मत्ती ४:१८-२२ “गालील-समुद्रको किनारमा हिँड्नुहुँदा उहाँले पत्रुस भन्ने सिमोन र तिनका भाइ अन्द्रियास, दुवै भाइलाई समुद्रमा जाल हानिरहेका देख्नुभयो। तिनीहरू मछुवा थिए। १९ उहाँले तिनीहरूलाई भन्नुभयो, “मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउनेछु।” २० तब उत्तिखेरै जालहरू छोड़ेर तिनीहरू उहाँको पछि लागे। २१ त्यहाँबाट जाँदाजाँदै उहाँले अर्का दुई भाइ, जब्दियाका छोराहरू याकूब र तिनका भाइ यूहन्नालाई तिनीहरूका बुबा जब्दियासँग डुङ्गामा आफ्ना जाल तुनिरहेका देख्नुभयो, र उहाँले तिनीहरूलाई बोलाउनुभयो। २२ तब उत्तिखेरै डुङ्गा र तिनीहरूका बाबुलाई छोड़ेर तिनीहरू उहाँको पछि लागे।" र मर्कूस १:१६-२० “गालील-समुद्रको किनार-किनारै जाँदैहुनुहुँदा उहाँले सिमोन र तिनका भाइ अन्द्रियासलाई समुद्रमा जाल हानिरहेका देख्नुभयो। किनकि तिनीहरू जालहारी थिए। १७ येशूले तिनीहरूलाई भन्नुभयो, “मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका जालहारी बनाउनेछु।” १८ तिनीहरूले तुरुन्तै आफ्ना जालहरू छोड़े, र उहाँको पछि लागे। १९ अनि अलि पर गएपछि उहाँले जब्दियाका दुई छोरा याकूब र यूहन्नालाई डुङ्गामा बसी जाल तुनिरहेका देख्नुभयो। २० उहाँले तुरुन्त तिनीहरूलाई बोलाउनुभयो, र तिनीहरू आफ्ना पिता जब्दियालाई ज्यामीहरूका साथ डुङ्गामा छोड़ेर उहाँको पछि लागे।"

“नडराऊ, अबदेखि तिमीहरूले मानिसहरूलाई तिमीहरूले पक्रिने छौ।" (लूका ५:१० रूपान्तरित)। माछाहरू पक्रिने पेशाबाट परिवर्तन भएर मानिसहरूलाई पक्रिने काममा लाग्नु भनेको तिनीहरूको निम्ति अत्यन्त अचम्मको भारी परिवर्तन परिवर्तन भएको थियोः त्यसमा कुनै नअकमकाइ आफ्नो जीवन येशूलाई पूर्णरूपमा समर्पण गर्ने तत्वहरू समावेश भएका छन्, (१) आफ्नो असमर्थतालाई व्यक्त गर्नु र आफू पापी हुँ भनी स्वीकार गर्नु (२) चेला वा येशूभक्त उहाँमाथि विश्वास गरेर

र उहाँको बलले नचिनेको बाटोमा हिँड्न र एक्लै हुनुपर्ने अवस्थालाई ग्रहण गर्न राजी हुनु आवश्यकता र (३) अरू कुनै संघ, संस्था वा व्यक्तिमाथि भर नपरि उहाँ र उहाँ एक मात्रमाथि निरन्तररूपमा भर पर्ने प्रतिवद्धता। माझीहरूको जीवन अनिश्चित र खतरापूर्ण छ। अनेकौं डरलाग्दो छालहरूसँग तिनीहरूले सामना गर्नुपर्छ र तिनीहरूको आम्दानीमा स्थायित्व हुन्छ भन्ने छैन। मानिसहरूलाई पक्रिने वा येशूभक्त बनाउने जिम्मा लिने मामिलामा पनि त्यो भन्दी फरक हुन्छ भन्ने छैन। तर येशूले हामीलाई प्रतिज्ञा गर्नुभएको छः नडराऊ। इसाई हुँ भने दावी गर्न सजिलो होला तर सक्कल येशूभक्त वा चेला हुनु त्यति सजिलो छैन। येशूभक्तको जीवन तलमाथि हुनसक्छ र आनन्द र चुनौतीहरू पनि आउँछन्। तर सही येशूभक्त वा चेला कहिल्यै पनि एक्लो भएको महसुस गर्नुपर्दैन। “नडराऊ" भन्ने हामीहरूको प्रभु उहाँको बफादारी भक्तको साथमा सधैं हुन्छन्।

आफू पापी हुँ भनेर पत्रुसले गरेको स्वीकारोक्तिलाई फेरि सोच्नुहोस्। आफूमा पापहरूको सँगालो भएको महसुस गर्दा येशूबाट अलग हुने चाहनालाई सोच्नुहोस्। हाम्रै जीवनमा पनि त्यस्ता के पापहरू छन् जसले हामीलाई परमेश्वरबाट अलग हुन घचेटिदिन्छ?

## २. बान्ह जनाको नियुक्ति ( लूका ६:१२-१६)

हामी आफूले आफूलाई नै चेला बनाउँछौं न त आफ्नै शक्तिले येशूभक्तको पाक बनाएर प्रस्तुत गर्दछौं। येशूको आह्वानलाई हृदयदेखि स्वीकार गर्दा नै हामी उहाँको परमभक्त हुन पुग्छौं। पत्रुस, आन्द्रु, यूहन्ना, याकूब (लूका ५:११), मत्ती (मत्ती ४:१८-२२) र कर लिने कर्मचारी मत्ती (लूका ५:२७-३२) येशूको आह्वानमा चेलाहरू भएका थिए भनेर लूकाले लेख्दछन्। उपयुक्त समयमा येशूले बान्ह जना चेलाहरू चुन्नुभएको थियो भनेर लूका लेख्दछन्। एक दिन येशूले सब्बथ दिनमा हातमा पक्षाघात भएको रोगीलाई निको पार्नुभएको थियो। त्यसको फलस्वरुप फरिसी अर्थात् यहूदी धर्मगुरूहरूले उहाँको हत्या गर्न षडयन्त्र रच्न सुरू गरेका थिए। त्यसकारण आफ्नो कामलाई सुरक्षित राख्न आवश्यक छ भनेर प्रभुलाई थाहा थियो त्यसकारण क्रुसमा उहाँको

**मृत्युपछि पनि उहाँको लक्ष्यलाई निरन्तरता दिन उहाँले सहकर्मीहरूको समूह खडा गर्नुभएको थियो।**

देहायका पदहरूले बाऱ्ह जना चेलाहरूलाई कसरी नियुक्त गर्नुभयो भनेर हामीलाई सिकाउँछन्? हेर्नुहोस्ः लूका ६:१२-१६ “ती दिनमा उहाँ पहाड़तिर प्रार्थना गर्न जानुभयो, र परमेश्‍वरसँग प्रार्थना गर्दै पूरै रात बिताउनुभयो। १३ बिहान भएपछि उहाँले आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर तिनीहरूमध्ये बाह्र जनालाई छान्नुभयो, र उहाँले तिनीहरूलाई प्रेरित भन्ने नाउँ दिनुभयोः १४ सिमोन, जसलाई उहाँले पत्रुस नाउँ पनि दिनुभयो, र तिनका भाइ अन्द्रियास, याकूब र यूहन्ना, फिलिप र बारथोलोमाइ, १५ मत्ती र थोमा, अल्फयसका छोरा याकूब, र सिमोन, जो उग्रपन्थी भनिन्थे, १६ याकूबका छोरा यहूदा, र यहूदा इस्करियोत, जो विश्‍वासघाती भए।" र लूका ९:१-६ "तब उहाँले बाह्र चेलाहरूलाई एकसाथ बोलाउनुभयो, र तिनीहरूलाई सबै भूतहरू निकाल्ने र रोगहरू निको पार्ने शक्ति र अधिकार दिनुभयो। २ उहाँले तिनीहरूलाई परमेश्‍वरका राज्यको प्रचार गर्न र बिरामीहरू निको पार्न पठाउनुभयो। ३ उहाँले तिनीहरूलाई भन्नुभयो, ‘‘तिमीहरूको यात्रामा आफ्नो साथमा केही नलेओ– न लहुरो, न झोली, न रोटी, न पैसा, न त दुई जोर दौरा साथमा होस्। ४ जुन घरमा तिमीहरू पस्छौ त्यहीं बस, र त्यहीँबाट बिदा होओ। ५ जहाँ तिमीहरूको स्वागत हुँदैन तिमीहरू त्यस सहरबाट निस्कँदा आफ्ना खुट्टाको धुलो तिनीहरूका विरुद्धमा गवाहीको निम्ति टकटक्याइदेओ।” ६ तब तिनीहरू बिदा भए, र सुसमाचार प्रचार गर्दै र सबैतिर रोगीहरूलाई निको पार्दै गाउँ-गाउँ गए।"

**येशूलाई पछ्याउने भिँडहरूमा उहाँका धेरै भक्त तथा श्रद्धालुहरू थिए। तिनीहरू गुरूको पछि लागेर शिक्षा लिने विद्यार्थीहरूको रूपमा उहाँको पिछा गरेका थिए। तर येशूको काम केवल शिक्षा वा पाठ सिकाउनुमात्र थिएन। पापको पासोबाट मुक्ति पाएकाहरूको समाज सृजना गर्ने उहाँको काम थियो। चर्च भन्ने नामाङ्करण गरेर त्यस समाजले संसारमा उहाँको मुक्ति दिने सुसमाचार प्रचार गरोस् भन्ने उहाँको चाहना**

थियो। त्यस लक्ष्यलाई हासिल गर्न केवल उपासक वा सतहमा चेलाहरूमात्र भन्न पुगेको थिएन। "तिनीहरूबाट उहाँले बाऱ्ह जनाहरूलाई चुन्नुभयो जसले उहाँले प्रेरित भनेर नामङ्करण गर्नुभयो" भनेर लूकाले स्पष्टरूपमा विशेष चेलाहरूको बारेमा खुलासा गर्दछन् (लूका ६:१३ रूपान्तरित)। "प्रेरित"को अर्थ कुनै विशेष सन्देश दिन कसैलाई पठाएको भनेर जनाउँछ। आफ्नो सुसमाचारको पुस्तकमा लूकाले प्रेरित भन्ने शब्द ६ पल्ट भन्दा बेसी उल्लेख गर्दछन् भने प्रेरितको पुस्तकमा पच्चिस पल्ट भन्दा पनि बेसी। (मत्ती र मर्कूसले आफ्ना पुस्तकहरूमा केवल एक पल्टभात्र त्यो शब्द प्रयोग गर्दछन्।

यो याद गर्न अत्यन्त महत्त्वपूर्ण छः ती बाऱ्ह जना चेलाहरू यसकारण चुनेका थिएनन् कि तिनीहरू शिक्षित, धनी, लोकप्रिय, धर्मी, निश्कलङ्क, बलिया, सम्पन्न वा तिनीहरू अरूभन्दा योग्य थिए। तिनीहरू सामान्य पृष्ठभूमिबाट आएका सामान्य नागरिकहरू थिएः माछा समात्ने माझी, कर लिने कर्मचारी, शङ्काको भूमरिमा परिरहने र उहाँलाई अन्तर्घात गर्ने। तिनीहरूलाई एउटै लक्ष्यको निम्ति चुनिएका थिए ताकि तिनीहरू जगतको राजा र त्यस राज्यका राजदूतहरू होउन्।

"मानिसहरू जस्तो छ त्यस्तै रूपमा परमेश्वरले लिनुहुन्छ।...यदि उहाँको निर्देशनमा अनुशासित भएर बस्न चाहन्छ भने र उहाँबाट सिक्न चाहन्छ भने उहाँको सेवाको निम्ति उहाँले तिनीहरूलाई तालिम दिनुहुन्छ। अरूभन्दा सिद्ध र असल भएकोले तिनीहरूलाई उहाँले चुन्नुभएको होइन। तर प्रभुबाट पाउने सत्य आत्मज्ञानलाई ग्रहण गरेर त्यसलाई व्यवहारमा उतारोस् र ख्रीष्टको अनुग्रह, सदाशयता, शक्ति र करूणाले तिनीहरू उहाँ जस्तो होस् भन्ने हेतुले उहाँले तिनीहरूलाई चुन्नु भएको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २९४बाट रूपान्तरित।

हामीहरू अरूभन्दा सिद्ध, धर्मात्मा, असल छौं भनेर दावी गर्न समर्थ छैनौं भन्ने तितो सत्यलाई सामना गर्नु नै पर्छ। न त चर्चमा भएका अरू विश्वासीहरू सिद्ध छन्। आत्मिक रूपमा हामी सबै हुर्कँदै छौं। (हो, कतिपय मानिसहरू हामीहरूले चाहेको भन्दा आत्मिक रूपमा

धिलो बढिरहेको हेर्न वाध्य छौं)। तर त्यसैवखत, अरूसँग सहयोगी भएर काम गर्न र तिनीहरू जस्तो छ त्यस्तै रूपमा ग्रहण गर्न हामी कसरी सक्षम् हुने?

## ३. प्रेरित बन्न येशूले तालिमा दिनुहुन्छ र तिनीहरूलाई उहाँले अधिकारले सुसम्पन्न गराउनुहुन्छ (लूका ९:१-६)।

येशूले जुन तरिका अपनाएर चेलाहरूलाई नियुक्ति गर्नुभयो त्यसबाट हामीहरूले के अध्यात्मिक पाठ सिक्नसक्छौं? हेर्नुहोस् फेरि लूका ९:१-६ “तब उहाँले बाह्र चेलाहरूलाई एकसाथ बोलाउनुभयो, र तिनीहरूलाई सबै भूतहरू निकाल्ने र रोगहरू निको पार्ने शक्ति र अधिकार दिनुभयो। २ उहाँले तिनीहरूलाई परमेश्वरका राज्यको प्रचार गर्न र बिरामीहरू निको पार्न पठाउनुभयो। ३ उहाँले तिनीहरूलाई भन्नुभयो, “तिमीहरूको यात्रामा आफ्नो साथमा केही नलेओ– न लहुरो, न झोली, न रोटी, न पैसा, न त दुई जोर दौरा साथमा होस्। ४ जुन घरमा तिमीहरू पस्छौ त्यहीँ बस, र त्यहीँबाट बिदा होओ। ५ जहाँ तिमीहरूको स्वागत हुँदैन तिमीहरू त्यस सहरबाट निस्कँदा आफ्ना खुट्टाको धुलो तिनीहरूका विरुद्धमा गवाहीको निम्ति टकटक्याइदेओ।” ६ तब तिनीहरू बिदा भए, र सुसमाचार प्रचार गर्दै र सबैतिर रोगीहरूलाई निको पार्दै गाउँ-गाउँ गए।" र मत्ती १०:५-१६ “येशूले यी बाह्र चेलालाई यसो भनी आज्ञा दिएर पठाउनुभयो, “अन्यजातिहरूका माझमा नजाओ, र सामरीहरूका सहरमा नपस। ६ तर इस्राएल जातिका हराएका भेड़ाहरूकहाँ जाओ। ७ ‘स्वर्गको राज्य नजिकै आइपुगेको छ,’ भन्दै प्रचार गर। ८ बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जीवित पार, कुष्ठ-रोगीहरूलाई शुद्ध पार, भूतहरूलाई निकाल। तिमीहरूले सित्तैंमा पायौ, सित्तैंमा देओ। ९ तिमीहरू आफ्ना पटुकामा सुन, चाँदी र तामाको सिक्का नबोक, १० यात्राको निम्ति झोली, दुई वटा दौरा, जुत्ता, लौरो नलेओ। किनभने खेतालाले उसको भोजन पाउनुपर्छ। ११ “जुन सहर कि गाउँमा तिमीहरू पस्छौ, त्यहाँ को योग्य छ भनी खोज, र त्यहाँबाट बिदा नभएसम्म त्यहीँ बस। १२ त्यस घरभित्र पस्दा अभिवादन गर। १३ त्यो घर योग्य छ भने,

तिमीहरूको शान्ति त्यस घरमा आओस्। तर त्यो योग्य रहेनछ भने, तिमीहरूको शान्ति तिमीहरूमै फर्की आओस्। १४ यदि कसैले तिमीहरूलाई ग्रहण गरेन वा तिमीहरूको वचन सुनेन भने, त्यस घर अथवा सहरबाट निस्कँदा आफ्ना खुट्टाको धुलो टकटक्याइदेओ। १५ साँच्चै, म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा त्यस सहरको दशाभन्दा बरु सदोम र गमोराको हालत बढ़ी सहनीय हुनेछ।"

तीन कदम अपनाएर येशूले चेलाहरूलाई प्रेरित हुन तयार गर्नुभयो र तिनीहरूलाई अधिकारले सुसम्पन्न गर्नुभयो भनेर लूकाले खुलाएका छन्।

प्रथमतः येशूले तिनीहरूलाई एकसाथ बोलाउनुभयो (लूका ९:१)। "आह्वान" वा "बोलावत" भन्ने शब्द येशूभक्त तथा उसको कामको निम्ति अत्यन्त महत्त्वपूर्ण शब्द हो। प्रभुको कामको निम्ति कसले हामीलाई बोलायो वा नियुक्ति गरियो भन्ने कुरालाई भित्री हृदयदेखि खोतलेर हेर्नुपर्छ। आत्मिक स्व-मूल्याङ्कन गरेर त्यो बोलाहत परमेश्वरबाट नै हो भनेर व्यक्तिगत रूपमा ठोकुवा गर्नुपर्छ। प्रेरितहरूले येशूको आह्वानलाई शिरोपर गरेर उहाँकहाँ आउनु परेको थियो त्यो पनि उहाँसँग एक भएर रहन। परमेश्वर र अरूसँग एक भएर काम गर्न चाहन्छ भने बोलाउनु हुने येशूको कुरा मान्नुपर्छ र हामीहरूको सम्पूर्ण जीवन उहाँको खतनमा सुम्पनु पर्छ। येशूभक्त हुन चाहनेको निम्ति ती अत्यन्त महत्त्वपूर्ण कदम हो। परमेश्वरको काममा लक्ष्य हासिल गर्न एकता आफै पनि धेरै जरुरी छ।

दोस्रोमा, येशूले तिनीहरूलाई अधिकार र शक्तिले सुसम्पन्न गराउनुभयो (लूका ९:१ रूपान्तरित)। उहाँका कार्यकर्ताहरूलाई उहाँले खाली हातले कहिल्यै पनि पठाउनुहुन्न। हामीहरूको आफ्नै बाहुबलले उहाँको प्रतिनिधि गरोस् भन्ने उहाँले अपेक्षा गर्नुहुन्न। परमेश्वरले खटाउनुभएको लक्ष्य हासिल गर्न हामीहरूको शिक्षा, संस्कार वा संस्कृति, सामाजिक प्रतिष्ठा वा धन सम्पत्तिको केहि पनि शक्ति हुँदैन। काम गर्ने क्षमता, दक्षता र बल हामीलाई ख्रीष्टले नै उपलब्ध गराउनुहुन्छ। " शक्ति वा बल" भन्ने शब्द ग्रीक भाषामा डाइनामिस **dynamis** भन्छ।

त्यही ग्रीक भाषाबाट डाइनेम **dyname** आएको हो जसको अर्थ बत्ती वा प्रकाशलाई चाहिने उर्जा। पहाडलाई फुटाल्ने उपकरण डाइनामाइट **dynamite** शब्द पनि त्यहिबाट आएको हो। येशूले दिनुभएको शक्ति र अधिकारले सैतानको शक्ति र उद्देष्यलाई छताछुल्ल पार्न पार्न प्रशस्त पुग्छ। हामीहरूको बल येशू नै हुनुहुन्छ। "जब मानिसको चाहना वा आकङ्क्षाहरू परमेश्वरको चाहनासँग मिलोमत्तो हुन्छ तब त्यो अत्यन्त शक्तिशाली हुन्छ। उहाँले निर्देशन गर्नुभएको जे काम पनि हामी गर्छौं सो काम उहाँकै बाहुबलले गर्नेहुन्छौं। उहाँकै सहायताले उहाँका आदेशहरू पालन गर्न मानिसहरू सक्षम् बन्न सक्छ।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. ३३३बाट रूपान्तरित।

तेस्रोमा, येशूले ती प्रेरितहरूलाई परमेश्वरको राज्यको बारेमा प्रचार गर्न बिरामीहरूलाई निको पार्न पठाउनुभयो (लूका ९:२ रूपान्तरित)। त्यसको अर्थ प्रचार र चङ्गाइ सँगसँगै जान्छ भन्न खोजिएको हो। त्यसको गहिरो अर्थ त झन यो हो कि येशूका उपासकहरूले गर्नुपर्ने काममा केवल प्रचारमात्र गर्ने नभएर मानिसको शरीर, मन र प्राणको हेरचाह गर्ने समावेश हुनुपर्दछ। पाप र सैतानले मानिसको सम्पूर्ण शरीर, आत्मिक र मानसिकतालाई आफ्नो प्रभुत्वमा राखेको छ। त्यसकारण मानिसको सम्पूर्ण व्यक्तित्वलाई येशूको पवित्र शक्तिको छत्रछायाँमा ल्याउनुपर्छ।

कुनै किसिमको बाधा अडचन नराखी ख्रीष्टलाई आफ्नो सम्पूर्ण जीवन दिइयो भने त्यो व्यक्ति असल वा सही चेला वा उपासक बन्न सक्छ। सुनचाँदी, आमाबाबु, आफ्नो जोडी वा छोराछोरीहरू, जीवन वा इज्जत र मृत्यु, आज होस् वा भोली होस् आपतकालिनको लागि बचाइराखेका सम्पत्ति येशूभक्त र येशूको बीचमा आउन दिनुहुन्न। येशू, उहाँको राज्य र सैतानको पासोमा परेकाहरूलाई सुसमाचारको निम्ति साक्षी बन्नु भन्दा अरू कुनै थोक त्यतिको महत्त्वपूर्ण हुनुहुन्दैन।

"आफ्नो सुसमाचार प्रचारको यात्राको निम्ति केही नलानु" (लूका ९:३ रूपान्तरित) भनेर येशूले दिनुभएको नीति हामीहरूले बुझ्न जरुरी छ। हामीहरूको जीवनमा त्यसलाई कसरी अनुभव गर्ने?

## ४. सत्तरी जनालाई सुसमाचार प्रचार गर्न खटाउनुहुन्छ (लूका १०:१-२४)

येशूले ७० जनालाई सुसमाचार प्रचार गर्न गाउँघरमा पठाउनुभएको थियो। येशू र सैतानको बीचको महान् द्वन्द वा विवादको परिवेशमा येशुले मानिसहरूको मन उहाँतिर जित्न खटाउनुभएको चेलाहरूको कामबाट हामीले के सिक्नसक्छौं? हेर्नुहोस्, लूका १०:१-२४ "यसपछि प्रभुले अरू सत्तरी जनालाई नियुक्त गर्नुभयो, र आफू जान लाग्नुभएको हरेक सहर र गाउँमा आफूभन्दा अगाडि तिनीहरूलाई दुई-दुई जना गरी पठाउनुभयो। २ उहाँले तिनीहरूलाई भन्नुभयो, "फसल त प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन्। ३ जाओ, हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेड़ाका पाठाहरूझैं पठाउँछु। ४ न त पैसाको थैली, न झोली, न जुत्ता बोक, न बाटोमा कसैलाई अभिवादन गर। ५ "जुन घरमा पस्छौ पहिले भन, 'यस घरलाई शान्ति होस्!' ६ यदि त्यहाँ शान्तिप्रिय मानिस रहेछ भने तिमीहरूको शान्ति त्यससँग रहनेछ, तर रहेनछ भने त्यो शान्ति तिमीहरूकहाँ नै फर्किआउनेछ। ७ तिनीहरूले दिएका थोकहरू खानपान गरेर त्यसै घरमा बस। किनभने खेताला आफ्नो ज्यालाको योग्य हुन्छ। घर-घर नपसी हिंड़। ८ "जब तिमीहरू कुनै सहरमा पस्छौ, र तिनीहरूले तिमीहरूलाई स्वागत गर्छन्, तब तिमीहरूका सामु राखिदिएको भोजन खाओ, ९ त्यहाँ भएका रोगीहरूलाई निको पार, र तिनीहरूलाई भन, 'परमेश्वरको राज्य तिमीहरूका नजिक आइपुगेको छ।' १० तर जब तिमीहरू कुनै सहरमा पस्छौ, र तिनीहरूले तिमीहरूलाई स्वागत गर्दैनन्, तब निस्केर त्यस सहरका सड़कहरूमा जाओ, र भन, ११ 'हाम्रा खुट्टामा टाँसिएको तिमीहरूका सहरको धूलोसमेत हामी तिमीहरूका विरुद्धमा टकटक्याउँछौं। तापनि यो जान, कि परमेश्वरको राज्य नजिकै आइपुगेको छ।' १२ म तिमीहरूलाई भन्दछु, त्यस दिन त्यस सहरको भन्दा सदोमको हालत सहनीय हुनेछ। १३ "धिक्कार तँलाई, खोराजीन! धिक्कार तँलाई, बेथसेदा! किनकि तिमीहरूमा भएका सामर्थ्यका काम

टुरोस र सीदोनमा गरिएको भएदेखि तिनीहरूले अघि नै भाङ्ग्रा लाएर खरानीमा बसी पश्चात्ताप गर्नेथिए। १४ तर न्यायको दिनमा तिमीहरूको भन्दा त टुरोस र सीदोनको हालत सहनीय हुनेछ। १५ अनि तँ, कफर्नहुम! के तँ आकाशमा उचालिने र? तँ पातालमा खसालिनेछस्। १६ "जसले तिमीहरूका कुरा सुन्छ, त्यसले मेरो कुरा सुन्छ। जसले तिमीहरूलाई अस्वीकार गर्दछ, त्यसले मलाई अस्वीकार गर्दछ, र जसले मलाई अस्वीकार गर्दछ, त्यसले मलाई पठाउनुहुनेलाई अस्वीकार गर्दछ।" १७ ती सत्तरी जना आनन्दसाथ फर्केर आई यसो भने, "प्रभुज्यू, तपाईंको नाउँमा भूतहरू पनि हाम्रा वशमा आउँछन्।" १८ उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले शैतानलाई स्वर्गबाट बिजुलीझैं खसिरहेको देखें। १९ मैले तिमीहरूलाई सर्पहरू र बिच्छीहरू कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिएको छु, र कुनै कुराले तिमीहरूलाई हानि गर्नेछैन। २० तापनि दुष्टात्माहरू तिमीहरूको वशमा छन् भनेर रमाउने होइन, तर तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ।" २१ त्यही बेला येशू पवित्र आत्मामा उल्लसित हुनुभयो, र भन्नुभयो, "हे पिता, स्वर्ग र पृथ्वीका परमप्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँछु, किनकि तपाईंले यी कुरा बुद्धिमान् र समझदारबाट गुप्त राखेर बालकहरूलाई प्रकट गर्नुभयो। किनकि, पिता, तपाईंलाई यही असल लाग्यो। २२ "मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ। पुत्र को हो भनी पिताबाहेक कसैले जान्दैन। पिता को हुनुहुन्छ भनी पुत्रले बाहेक, र पुत्रले उहाँलाई जसकहाँ प्रकट गर्ने इच्छा गर्दछ, त्यसले बाहेक अरू कसैले जान्दैन।" २३ चेलाहरूतिर फर्केर उहाँले तिनीहरूलाई गुप्तमा भन्नुभयो, "धन्य हुन् ती आँखा, जसले तिमीहरूले देखेका यी कुराहरू देख्तछन्। २४ किनकि म तिमीहरूलाई भन्दछु, धेरै अगमवक्ताहरू र राजाहरूले तिमीहरूले जे देख्तछौ, ती देख्ने इच्छा गरेका थिए, तर देखेनन्, र जे तिमीहरूले सुन्दछौ ती सुन्ने इच्छा गरेका थिए, तर सुनेनन्।"

**येशूले गर्नुभएको सेवाकार्यभरि उहाँका बाऱ्ह जना भन्दा बेसी चेलाहरू थिए जो उहाँको पछि लागेका थिए। जब पत्रुसले यहूदाको**

ठाउँमा बाऱ्हजनाको पुरकको निम्ति अर्को चेला चुन्न विश्वासीहरूलाई सुझाव दिएका थिए त्यसबेला कमसेकम एक सय बीस जना चेलाहरू थिए (प्रेरित १:१५)। येशू स्वर्गमा उतर्नुभन्दा भन्दा पहिले उहाँका कमसेकम पाँच सय चेलाहरू थिए भनेर पावलले उल्लेख गर्दछन् (१ कोरन्थी १५:६)। त्यसकारण येशूले ७० जना चेलाहरूलाई प्रचार गर्न पठाउनुभयो भन्दा उहाँका केवल ७० जनामात्र चेलाहरू थिए भनेर सिमित गरिएको छैन। ती ७० जना केवल विशेष चेलाहरूका समूह थिए जसले निश्चित कामको निम्ति खटाइएका थिए। त्यो काम थियो येशूले भविष्यमा जाने गालिलको गाउँशहरमा उहाँको निम्ति तिनीहरूले बाटो तयार गरून्।

लूकाले मात्र ठोकुवा गरेर ७० जना भनेर आफ्नो सुसमाचारको पुस्तकमा उल्लेख गर्दछन्। सुसमाचार प्रचार गर्ने लक्ष्य बोक्ने मनस्थिति भएको लूकाले त्यसरी उल्लेख गर्नु स्वभाविकै हो। लूका केवल सिमित दृष्टिलेमात्र नहेर्ने तर जगतव्यापी दृष्टिकोणमा हेर्ने लेखक थिए। ७० गन्ती बाइबल र यहूदी इतिहासमा विशेष प्रतिकको रूपमा लिइन्छ। उत्पत्ति १०मा नोहाको सन्तानहरूबाट ७० राष्ट्रहरू निस्केका थिए भनेर त्यसको शूची बनाएको छ। मोशाले आफ्नो काममा सहयोग गर्न ७० एल्डर अर्थात् अगुवाहरूलाई चुनेका थिए (गन्ती ११:१६,१७,२४,२५)। यहूदीहरूको धर्मपरिषद सानहिद्रिन ७० सदस्यहरूको समूह थियो। तर येशूले ७० जनालाई सुसमाचार प्रचार गर्न नियुक्ति गर्नुहुँदा ती कुनै पनि तथ्यहरूसँग सरोकार थियो वा थिएन भन्ने कुरा हामीलाई थाहा छैन। तर के महत्त्वपूर्ण कुरा ख्याल गर्नुपर्छ भने, चर्चको अगुवाको निम्ति सही तालिम दिने व्यक्ति येशू नै हुनुहुन्छ। र उहाँले सुसमाचार प्रचार गर्न केवल केहिलाई मात्र जिम्मेवारी बनाउनुभएको थियो न त शक्ति सम्पन्न गराउनुभएको थियो। तर त्यो कार्य सम्पन्न गर्न उहाँले सबै चेलाहरूमा फैलाउनुभएको थियो।

प्रभुले दिनुभएको कामलाई सम्पन्न गरेपछि चेलाहरू अत्यन्त उल्लासित र जोशिलो भएर फर्केका थिए। तिनीहरूले येशूलाई यसरी प्रतिवेदन दिंदछन् "प्रभु, जब हामीले तपाईंको नाउँ लिएका थियौं,

सैतानका आत्माहरूले पनि हामीहरूको कुरो मानेका थिए "(लूका १०:१७ रूपान्तरित)। जतिसुकै प्रखर प्रचारक भएतापनि मानिसहरूलाई येशूतिर मन फर्काउने काम उसको कहिल्यै पनि हुँदैन। सुसमाचार प्रचारक केवल सुमाचारको निम्ति प्रवक्तामात्र हुन् अर्थात् मानिसहरूलाई येशूको बारेमा सूचना दिने हक उसलाई दिइएको मात्र हो। सुसमाचारको सफलता केवल "उहाँको नाउँ"मा मात्र छ अर्थात् सुसमाचारको प्रभावलाई क्रियाशील बनाउने येशू नै हुनुहुन्छ। सुसमाचार प्रचार गर्ने लक्ष्य बोकेका कुनै पनि निकायले यो जान्नुपर्छ कि येशूको नाउँ र उहाँको शक्तिलाई केन्द्रविन्दु बनाएमात्र काममा सफलता मिल्दछ।

जब ७० जनाले आफ्नो कामको सफलताको बारेमा येशूलाई सुनाए तब उहाँले तिन गजब कुराहरू व्यक्त गर्नुभएको थियो। प्रथमतः सुसमाचार प्रचारको सफलतामा सैतान हारिएको येशूले देख्नुभएको थियो (पद १८)। दोस्रोमा, सुमाचार प्रचारको निम्ति जति गहिरिएर र कर्मठ भएर कोही खटिन्छ भने त्यति वढी शक्ति येशूले उसलाई दिनुहुन्छ (पद १९)। तेस्रोमा संसारमा के भयो त्यसले सुसमाचार प्रचारक खुशी हुने होइन तर उसको नाउँ स्वर्गमा लेखिएको हुनाले ऊ अझ खुशी र आनन्दित हुनुपर्छ भनेर थाहा पाउनुपर्छ (पद २०)। सैतानको पासोबाटो उम्काउने प्रत्येक व्यक्तिको नाउँमा स्वर्गमा उत्सब मनाइन्छ। परमेश्वरको राज्यको निम्ति उम्मेदवार भएर उभिने प्रत्येक व्यक्ति सैतानको दुष्ट योजनाहरूमा मुक्का हानिएको हुन्छ।

लूका १०:४ फेरि पढ्नुहोस्। हामीले देख्न पाएका के के यस्ता कुराहरू छन् जुन् परमेश्वरका अगमवक्ता र राजाहरूले देख्न चाहेका थिए? त्यसको अर्थ हाम्रो निम्ति के हो भनेर बुझ्नुपर्छ?

## ५. येशूको भक्त वा चेला हुँदा चुकाउनु पर्ने मोल (लूका ९:२३-२५)

विश्व विख्यात ग्रीक दार्शनिक प्लेटोको निम्ति विख्यात सोक्रेटस गुरू थिए भने एकसमय इसाईहरूलाई आतङ्कित गर्ने नामुद यहूदी धर्मगुरू सावलको निम्ति गमलिएल गुरू थिए। विभिन्न धर्मका धर्मगुरूहरूका आआफ्नै बफादारी भक्त वा चेलाहरू थिए। तर संसारमा भएका विभिन्न श्रद्धेय धर्म गुरू वा स्वामी वा जगतगुरू भनेर कहलाइनेहरूका चेला वा

भक्तहरू र येशूका चेला वा भक्तहरूको बीचमा भारी भिन्नता के छ त? तर त्यसको जवाफ यस्तो छः संसारका ती गुरू, स्वामी वा जगतगुरू आदि कहलाइकाहरूले ती पगरी ओढ्छन् किनकि तिनीहरूले मानविय दर्शन वा आत्मज्ञानमा भर परेर त्यसमा निपुण भएका हुन्छन्। तर येशूका उपासक, भक्त वा चेलाहरू येशूमाथि र उहाँले यस संसारमा गर्नुभएको काममा भर परेका हुन्छन्। येशूमाथिको विश्वास दिमागमा भन्दा हृदयमा गाडिने भएतापनि तिनीहरू उहाँका शिक्षादीक्षा र मानव मुक्तिको निम्ति उहाँले सुसम्पन्न गर्नु भएको काममा पूरा भर परेर तिनीहरू अघि बढिरहेका हुन्छन्। यदि कोही मानिस इसाई वा येशूभक्त हुँ भने दावी गर्न चाहन्छ भने उसलाई येशूले यो निर्देशन दिनुहुन्छः उसको सम्पूर्ण जीवन वा जीवनशैलीसमेत उहाँमा सुम्पोस्, उसले आफ्नो क्रुस वा आफूले झेल्ने आफ्नो वा येशूको दुःखकष्टको क्रुस आफैले बोकोस् र दिनप्रतिदिन उहाँको अगुवाइमा ऊ चलोस्। कलभरी डाँडाको पाइलाहरूमा नहिँडि कोही पनि इसाई येशूको सक्षम् चेला वा भक्त हुन सक्दैन।

देहायका पदहरूमा “म इसाई हुँ" भनेर दावी गर्ने प्रत्येक व्यक्तिको निम्ति के यस्तो सन्देश छ जसलाई पालन नगर्दा ऊ इसाई भन्न सुहाउँदैन? हेर्नुहोस्ः लूका ९:२३-२६ “तब उहाँले सबैलाई भन्नुभयो, “कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस्, र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्। २४ किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ। तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो बचाउनेछ। २५ किनकि सारा जगत् प्राप्त गरेर आफैलाई चाहिँ नाश पार्छ वा गुमाउँछ भने मानिसलाई के लाभ हुन्छ र? २६ तर कोही मदेखि र मेरा वचनदेखि शर्माउँछ भने मानिसको पुत्र पनि आफ्नो महिमामा, र पिताको र पवित्र दूतगणको महिमामा आउँदा त्यससँग शर्माउनेछ।", मत्ती १६:२४-२८ “तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, “कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्। २५ किनकि

जसले आफ्नो प्राण बचाउन चाहन्छ, उसले त्यो गुमाउनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ, त्यसले त्यो पाउनेछ। २६ सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ? २७ किनकि मानिसको पुत्र आफ्ना पिताको महिमामा आफ्ना स्वर्गदूतहरूसँग आउनेछ, र त्यस बेला उसले हरेक मानिसलाई त्यसको कामअनुसार प्रतिफल दिनेछ। २८ साँच्चै, म तिमीहरूलाई भन्दछु, यहाँ खड़ा हुनेहरूमध्ये कतिले मानिसको पुत्रलाई आफ्नो राज्यमा आइरहेको नदेखेसम्म मृत्यु चाख्नेछैनन्।" र मर्कूस ८:३४-३८ "तब उहाँले आफ्ना चेलाहरूका साथमा भीड़लाई आफूकहाँ बोलाएर तिनीहरूलाई भन्नुभयो, "कोही मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार गरोस्, र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्। ३५ किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो गुमाउनेछ, तर मेरो र सुसमाचारको निम्ति आफ्नो प्राण गुमाउनेले त्यो बचाउनेछ। ३६ किनभने मानिसले सारा जगत् हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ? ३७ अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ? ३८ अनि यस व्यभिचारी र पापी पुस्तामा जो मदेखि र मेरो वचनदेखि शर्माउँछ, मानिसको पुत्र पनि आफ्ना पिताको महिमामा पवित्र दूतहरूसँग आउँदा त्यसदेखि शर्माउनेछ।"

**मुक्ति पाएकाहरू र मुक्तिदाताको बीचमा कार्यगत एकता भएर चल्नु नै इसाई वा येशूभक्तको मूल चिनारी हो। हामीले मुक्ति पाएका छौं भनेर यकिन हुनसक्यौं भने उहाँको मात्र पछि लाग्नेको अर्को बिकल्प हुनुहुँदैन। पावलले येशूमाथिको प्रतिवद्धता यसरी व्यक्त गर्दछन् "म खीष्टसँग क्रुसमा टाँगिएको छु (अर्थात् आफूलाई उहाँमा बलि चढाएको छु) र म अब बाँचेको हुँदैन खीष्ट ममा बाँचिरहेको हुन्छन्।" (गलाती २:२० रूपान्तरित)।**

**लूकाले लूका ९:२३मा येशूको अनुशासित चेला वा भक्त हुँदा कस्तो मोल चुकाउनुपर्छ भनेर स्पष्ट रूपमा कोरेका छन् "यदि कोही मेरो पछि लाग्न चाहन्छ भने आफूलाई नाईं भन्न सक्नुपर्छ। दिनदिनै आफ्नो**

क्रुस आफूले नै बोक्ने अठोट गरेर मेरो पिछ्रा गरोस्" (रूपान्तरित)। आफूलाई "इन्कार", "आफ्नो क्रुस आफै बोक्नु" र "उहाँको पछि लाग्नु" भन्ने शब्दहरूलाई गहिरिएर सोच्नुहोस्। आफूलाई इन्कार गर्नुको अर्थ पत्रुसले येशूलाई इन्कार गरेको घट्नाले राम्रोसँग स्पष्ट पार्दछ। "तपाईं पनि येशूको साथमा हुनुहुन्थ्यो" भनेर जब एक जनाले उनलाई भने, त्यसको जवाफमा उनले भनेका थिए "येशूलाई म चिन्दिनँ।" त्यसकारण जब हामी येशूको अनुशासित भक्त हुन बोलाउँदा त्यसको आह्वानमा चल्न राजी हुन्छौं तब हामीले आफूलाई आफैलाई इन्कार गर्नुपर्छ। त्यसको अर्थ "मैले मलाई चिनेको छैन, म त येशूमा मरिसकेको मानिस" भन्न सक्नु हो । हामीहरूको चालामालामा हाम्रो सट्टा येशूलाई रहन दिनु हो। आफ्नो क्रुस आफैले बोक्नुको अर्थ सदा सदा आफू, आफ्नो भाऊ, आफ्नो व्यक्तिगत चिनारीलाई क्रुसमा टाँगिएको आभास् पाइरहनु हो। तेस्रोमा, उहाँमा प्रतिवद्धता जाहेर गरेर चल्नुको अर्थ हामीहरूको जीवनको लक्ष्य ख्रीष्ट र ख्रीष्टमात्रै बनाउनु हो।

अझ लूका ९:५७-६२मा येशूले चेला हुँदा हामीले चुकाउनुपर्ने मोल गहिरिएर यसरी वाख्या गर्नुहुन्छ "उहाँहरू बाटोमा जाँदैगर्नुहुँदा, एक जना मानिसले उहाँलाई भन्यो, “हे प्रभु, तपाईं जता जानुहुन्छ म तपाईंको पछि लाग्नेछु।” ५८ तब येशूले त्यसलाई भन्नुभयो, “स्यालका दुला छन्, र आकाशका चराचुरुङ्गीहरूका गुँड़, तर मानिसको पुत्रको त शिर राख्ने ठाउँ पनि छैन।” ५९ उहाँले अर्कोलाई भन्नुभयो, “मेरो पछि लाग।” तर त्यसले भन्यो, “पहिले मेरा बाबुलाई गाड्न जान दिनुहोस्।” ६० उहाँले त्यसलाई भन्नुभयो, “मुर्दाहरूलाई आफ्नै मुर्दा गाड्न देओ, तर तिमी गएर परमेश्वरका राज्यको सुसमाचार प्रचार गर।” ६१ अर्काले पनि भन्यो, “प्रभु, म तपाईंको पछि लाग्नेछु, तर पहिले आफ्नो घरमा हुनेहरूबाट मलाई बिदा लिन दिनुहोस्।” ६२ तर येशूले त्यसलाई भन्नुभयो, “आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरका राज्यको योग्यको हुँदैन।” येशू र येशूभक्तको बीचमा अरू कोही पनि आउनु हुँदैन वा उहाँ बाहेको उसको जीवनमा अरूले प्राथमिकता पाउनु हुँदैन। सङ्गती, मित्रता, काम र आराधनामा उहाँले

मात्र प्रथम् स्थान पाउनुपर्छ। सही येशूको चेला वा भक्त हुनुमा आफ्नो स्वार्थलाई क्रुसमा टाँगि दिनु भनेको "गरौं" कि "नगरौं" भन्ने निर्णयको संघारमा बस्ने होइन तर त्यो आवश्यकता नै हो। "जब ख्रीष्टले मानिसलाई बोलाउनुहुन्छ तब उहाँले उहाँकहाँ आउनु र आफूलाई उहाँमा जिउँदो बलि चढाउन निर्देशन दिनुहुन्छ। उसले प्रत्येक पल त्यहि मृत्युको स्वाद पाइरहनुपर्छ, त्यो हो येशू ख्रीष्टमा मर्नु। उहाँको आह्वानमा हामीहरूको पुरानो मानिस वा जीवनलाई बलि चढाउनु हो। जो मानिस आफ्नै आत्मनिर्णयले आफू मरेर येशूको निम्ति जिउँछ त्यसले मात्र ख्रीष्टको पछि लाग्न सक्षम् हुन सक्छ।"-डिट्रिक बोनहफर, *द कस्ट अभ डिसाइपलशिप,* (न्यु योर्कः द माकमिलियन कम्पनी, १९६५), पृ. ९९बाट रूपान्तरित।

तपाईंको जीवनमा येशूलाई पछ्याउँदा कस्तो मोल चुकाउनु परेको थियो? त्यसको जवाफको बारेमा सोच्नुहोस् र त्यसको अर्थ के हो सो मूल्याङ्कन गर्नुहोस्।

## उपसंहारः

थप जानकारीः "क्रुसलाई उचाल्दा आफ्नो प्राणबाट आफूलाई टुक्राटुक्रा पारिन्छ। यसले आफूलाई त्यस दिर्घामा राखिन्छ जसले ख्रीष्टका बोझहरूलाई आफूले बोक्न स्वीकार गर्न पुग्छन्। उहाँको जुआ बोकेन, उहाँको क्रुस उठाए र त्यसलाई बोकेर उहाँको पछि लागेन भने हामी उहाँको पछि लाग्न सक्दैनौं। हामीहरूका चाहना, महत्त्वाकाँक्षा येशू सम्मत नहोला। तर यदि हामीहरूले उहाँलाई प्रेम गर्छौं भने हामीहरूका ती चाहना तथा महत्त्वाकाँक्षाहरूलाई त्याग्नुपर्छ, हामीहरूको मनपर्ने चाहनाहरूलाई त्यागेर येशूले हिँड्नुभएको पाइलामा हिँड्नुपर्छ।"-एलेन जी ह्वाइट, *सनस् एण्ड डटरस् अभ गड,* पृ. ६९बाट रूपान्तरित।

## चिन्तनमननः

अ. लूका १०:२४मा बताए अनुसार अगमवक्ता र राजाहरूले देख्न चाहेका तर देख्न नसेकका केही कुराहरू के के छन्, सो सोच्नुहोस्। भविष्यवाणी पूराभएकाहरूको बारेमा सोच्नुहोस्।

ती अगमवक्ता र राजाहरूको निम्ति दानिएल २, ७, र ८का निम्ति भविष्यवाणी थिए भने हामीहरूको निम्ति इतिहास भइसकेको परिप्रेक्ष्यमा तपाईंले के भन्ने? त्यसमा अरू थप कुराहरू के सोच्न सक्नुहुन्छ?

आ. सारा संसार आफ्नो हातमा पारेर आफ्नो जीवन वा आत्मालाई गुमाउनु भनेको के हो सो गहिरिएर सोच्नुहोस्। येशूले के भन्न खोज्नुभएको हो? जीवन बचाउनेको नाउँमा आफ्नो जीवन गुमाउनुको अर्थ के हो? येशूलाई विश्वास नगर्नेहरूले यस संसारमा भएका थोकहरूलाई स्वार्थसाथ पक्रिराख्ने एउटा कुरो हो। त्यो किन त भन्दा तिनीहरूको आस्था वा लक्ष्य नै धन कमाउने हो। येशूलाई विश्वास गर्ने हामीहरूलाई थाहा छ कि यस संसारको अन्त्य हुन्छ र नयाँ सुरू हुन्छ। तै पनि हामीहरूमध्येमा कतिपयले तँछाडमछाड गरेर अरूलाई पछारेर भएपनि धनी वा सम्पन्न हुन कस्सीरहेका हुन्छौं? धर्मलाई ओढेर आफू सम्पन्न हुन चाहने खतरापूर्ण धरापबाट हामी कसरी उम्कने?

इ. लूका १०:१७-२० अनुसार ख्रीष्टको नाउँ लिँदा सैतानका मतियारहरूले पनि चेलाहरूका कुरा मान्दा चेलाहरूमा भएका जोशको बारेमा सोच्नुहोस्। येशूले तिनीहरूलाई दिनुभएको जवाफको बारेमा सोच्नुहोस्। येशूको बारेमा सुसमाचार प्रचार गर्नेहरूको निम्ति उहाँले जे भन्नुभएको थियो त्यो बुझ्न किन जरुरी छ?

ई. येशूलाई पछ्याउँदा भारी मोल चुकाउनुपरेका इसाई इतिहासका केही पात्रहरूको बारेमा सोच्नुहोस्। यथार्थमा तिनीहरूले के गुमाए? येशूलाई पछ्याउँदा तिनीहरूले के मोल चुकाउनुपर्‍यो? के त्यसमा म पनि पर्न सहमत छु र?